# दोल्ती पावर कम्पनी लिमिटेड
# Dolti Power Company Limited

रजिष्ट्रार कार्यालय : थापागाँउ, नयाँ बानेश्वर १०, काठमाण्डौं, फोन नं. : ०१-४१०५०२१, ४१०५०८७, ९८०२३४४६३३
इमेल: info@doltipower.com.np वेवसाइट: www.doltipower.org.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

दोल्ती पावर कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.५३,६४,८६,०००/- को ३०% अर्थात् १६,०९,४५८ कित्ता साधारण शेयर मध्ये जारी पूँजीको १०% अर्थात रु.५,३६,४८,६००/- रकम बराबरको रु.१०० अंकित दरका ५,३६,४८६ कित्ता साधारण शेयर आयोजना अति प्रभावित क्षेत्र नौमुले र कालिका गा.वि.स. मा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि २,६८,२४३ कित्ता शेयर तथा आयोजना प्रभावित क्षेत्र दैलेख जिल्ला (नौमुले र कालिका गा.वि.स. बाहेक) का स्थानीय बासिन्दाहरुको लागि २,६८,२४३ कित्ता शेयर तथा जारी पूँजी २०% अर्थात १०,७२,९७२ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,०७,२९,८००/- रकम बराबरको रु.१००/- अंकित दरका १,०७,२९८ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुको लागि **आज मिति २०७९ फागुन ८ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १०,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १०,००० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ । वेवसाइट www.nicasiacapital.com |
| २. | दोल्ती पावर कम्पनी लिमिटेड, थापागाँउ नयाँ बानेश्वर-१०, काठमाण्डौ । वेवसाइट www.doltipower.org.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

### आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि
### देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| क्र.सं. | संकलन केन्द्रको नाम | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | आयोजनाको रहेको कार्यालय नौमुले बजार, दैलेख । | संन्जिब श्रेष्ठ | ९८६१०३०१०५ |
| २. | एन आई सी एशिया बैंक लिमिटेड, शाखा कार्यालय, वडा नं. ०१, नयाँबजार, दैलेख । | खगेन्द्र कटुवाल | ९८०१९८२५६२ |
| ३. | ग्लोवल आई एम ई बैंक लिमिटेड, शाखा कार्यालय, देवकोटा चोक, दैलेख । | अरुण उपाध्याय | ९८५८०४३९४४ |
| ४. | प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, देवेन्द्रचोक, नयाँबजार, दैलेख । | निम बहादुर शाही | ९८६६११२७०३ |

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ । साथै आवेदन फारम निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाईट www.nicasiacapital.com बाट डाउनलोड गरेर पनि भर्न सकिनेछ ।

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि
## दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु:

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०७९/११/०८ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/११/२५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/१२/०७ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०७९/११/०८ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/११/२५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | २६.८९ | (११.२६) | १.८१ | २.२२ | ३.७३ | ४.७७ |
| प्रति शेयर नेटवर्थ रु. | ९७ | ८५ | ८७ | ९३ | ९७ | १०२ |
| संचित नाफा/(नोक्सान) तथा जगेडा कोषहरु (रु.हजारमा) | (१२,२५४) | (५४,५४३) | (४७,७५३) | (३५,८२८) | (१५,८००) | ९,८१५ |

| | |
|---|---|
| विद्युत परियोजनाको नाम | : पदम खोला साना जलविद्युत आयोजना । |
| आयोजनाको कुल उत्पादन क्षमता | : ४.५ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : कम्पनीले प्रवर्धन गरिरहेको पदम खोला साना जलविद्युत आयोजनाको कुल प्रति मे.वा. लागत रु.२४,०५,०८,९३३/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : पदम खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७४/०६/२९ देखि २१०९/०६/२८ गतेसम्म रहेको भएता पनि विद्युत विकास विभागबाट जारी विद्युत उत्पादन अनुमती पत्रमा तोकिएको समय अवधि बमोजिम अव जम्मा ३० वर्ष बाँकी रहेको छ । |
| लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.८५ वर्ष र Discounted Pay Back Period २६.९५ वर्ष रहेको छ । |
| जलविद्युत आयोजनाको कुल लागत विवरण: | : पदम खोला साना जलविद्युत आयोजनाको ब्याज सहितको कुल लागत रु.१,०८,२२,९०,२००/- रहेको छ । |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB" (pronounced ICRA NP Issuer Rating Double B) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०७८/१२/३० बहाल रहने अवधि २०७९/१२/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७९ माघ २९ गतेको "कारोबार"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.doltipower.org.np, नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nicasiacapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भबन, बबरमहल, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com